नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

# जुम्ला

**सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सुचनाको हक सम्बन्धी नियमावली ,२०६५ को नियम ३ बमोजिम मिति २०७८ माघ देखि चैत्र सम्म सम्पादित कामहरुको विवरण ।**



## १.कार्यालयको परिचय;

सरकारका जिल्ला स्थित सरकारी कार्यालयहरुलाई ती कार्यालयहरुको स्वीकृत बजेट बमोजिम सन्चित कोषबाट रकम निकासा दिने, आन्तरिक लेखा परिक्षण गर्ने,जिल्लाको विनियोजन, राजश्व तथा धरौटीको एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने उद्देश्यले विक्रम सम्वत २०३८ मा नेपालभर महालेखा नियन्त्रक कार्यालय मातहत कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको स्थापना हुने क्रममा जुम्ला जिल्लामा यस कार्यालयको स्थापना भएको हो ।

## २. काम, कर्तब्य र अधिकार ;

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र महालेखा नियन्त्रक कार्यालयबाट तोकिए अनुसार यस कार्यालयको काम कर्तब्य देहाय अनुसार रहेका छन् ।

क) महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लास्थित कार्यालयको आर्थिक कारोबारको रेखदेख निरीक्षण तथा गर्ने र प्रचलित कानूनको अधीनमा रही राय दिने ।

ख) आफ्नो ईलाका भित्र आर्थिक कारोबार गर्ने कार्यालयहरु महालेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालयहरुलाई संकेत नम्बर दिने कार्यालयहरुको लगत अद्यावधिक राख्ने ।

ग)कार्यालयबाट आर्थिक कारोबारका विवरण लिई जिल्लाको एकिकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने।

घ)प्रचलित कानून र महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम आन्तरिक लेखापरीक्षण गर्ने र प्रतिवेदन गर्ने।

ङ)जिल्ला स्थित कार्यालयहरुलाई दिईएको निकासा रकमको अभिलेख राख्ने ।

च)राजस्व, धरौटी, विनियोजन सम्बन्धी कारोबार लगायत नगद मौज्दात र बेरुजु फस्यौंटका सम्बन्धमा आवश्यकता अनुसार नीरिक्षण गरी त्यस्तो प्रतिवेदन महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित केन्द्रीय निकायमा पठाउने ।


छ) निरीक्षण गर्दा स्रेस्ता दुरुस्त नराखेको वा हिनामिना गरेको वा प्रतिवेदन नगरेको वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार काम नगरेको पाईएमा आर्थिक कारोबार तथा भुक्तानी निकासा रोक्का राखी सम्बन्धित तालुक कार्यालयमा जानकारी गराउने ।

ज) महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा प्रदेश तथा स्थानीय सन्चित कोषको संचालन लेखाकंन प्रतिवेदन खाता संचालन सम्न्धमा आवश्यक समन्वय सहजिकरण गर्ने ।

झ)महालेखा नियन्त्रक कार्यालयले समय समयम तोकेका अन्य कार्यहरु गर्ने ।

# ३. कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाको संगठनात्मक चार्ट र कार्यविवरणः

## ३.१ संगठन संरचना




**३.२ कोष तथा लेखा नियन्त्रक कार्यालयको शाखागत कार्यविवरण :**

क प्रशासन तथा निवृत्तभरण ब्यवस्थापन शाखा

- कार्यालयको बजेट तयारी आर्थिक प्रशासन संचालन गर्ने ।
- कार्यालयको आन्तरिक तथा अन्तिम लेखा लेखा परिक्षण गराउने ।
- बेरुजुको लगत राख्ने सम्परिक्षण फर्छ्यौट र प्रतिबेदन गर्ने ।
- कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- आफ्नो क्षेत्र भित्रका आर्थिक कारोवार गर्ने कार्यालयहरुको लगत तयारी तथा अध्यावधिक गर्ने ।
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लाका कार्यालयहरुको आर्थिक कारोवारहरुको रेख देख निरिक्षण गर्ने ।कार्यालयहरुलाइ महालेखा नियन्त्रक कार्यालयको निति निर्देशन र प्रचलित कानूनको अधिनमा रहि राय सल्लाह दिने ।
- निवृत्तिभरण ब्यवस्थापन सम्बन्धी कार्य गर्न ।

ख कोष ब्यवस्थापन शाखा

- जिल्ला स्थित संधीय सरकारी कार्यालयहरुको कोष संचालन गर्ने ।
- कार्यालयबाट विनियोजन राजश्व र धरौटी रकमको आम्दानी र खर्चको मास्केवारी लिइ त्यसको जिल्लागत मास्केवारी तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने ।
- कार्यालयहरुलाइ निकासा दिने र निकासा दिएको रकमको विवरण बैंकबाट प्रमाणित गराइ महालेखा नियन्त्रक कार्यालयमा पठाउने ।
- कार्यालयहरुलाइ दिएको निकासा रकमको आर्थिक विवरण बनाइ महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कार्यालयको तालुक बिभागमा पठाउने ।
- राजश्व लेखा र दाखिला तथा धरौटी लेखा फर्छ्यौट सम्बन्धमा आवश्यक्ता अनुसार कार्यालयको निरिक्षण गरि सो को प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालयको तालुक बिभागमा पठाउने ।

- कार्यालयहरुको निरिक्षण गर्दा कुनै कैफियत पाईएमा निकासा रोक्का गरि तालुक कार्यालयमा जानकारी दिने ।

ग आन्तरिक लेखापरीक्षण शाखा  यस शाखाका कार्यहरु निम्नानुसार रहेका छन् ।

- वार्षिक आन्तरिक लेखा परिक्षण कार्य योजना तयार गरी स्विकृत गराउने ।
- स्विकृत कार्ययोजना अनुसार आन्तरिक लेखापरीक्षण योजना तयार गरी त्रैमासिक रुपमा जिल्ला स्थित संघीय सरकारी कार्यालयहरुको राजश्व, विनियोजन , धरौटी, जिन्सी र प्रचलित कानून बमोजिम खडा भएको कार्य संचालन कोषको नियमितता, मितब्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखा परिक्षण गर्ने ।सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट अनुरोध भई आएमा जिल्ला स्थित प्रदेश र स्थानीय तहका कार्यालयहरुको आन्तरिक लेखा परिक्षण गर्ने ।
- त्रैमासिक रुपमा सम्पन्न गरेको आन्तरिक लेखा परिक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकाय तालुक बिभाग र मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने ।
- आन्तरिक लेखापरिक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रर्याप्तताको मूल्यांकन गरी प्रतिवेदन गर्ने ।
- आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु फर्छ्यौटको अवस्थाको जाँच गरी प्रतिवेदन गर्ने ।
- आन्तरिक लेखापरिक्षण गर्दा देखिएको गम्भिर त्रुटी अनियमितता मस्यौट वा हिनामिनाको तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख विभागिय प्रमुख तथा सम्बन्धित सचिवलाइ प्रतिवेदन गर्ने ।
- आन्तरिक लेखापरिक्षणको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र गर्ने ।

  घ आन्तर सरकारी वित्त समन्वय शाखा ; यस शाखाका कार्यहरु निम्नानुसार रहेका छन् ।
- विभाज्य कोषको व्यवस्थापन गर्ने ।
- प्रदेश तथा स्थानिय तहमा हुने वित्तीय हस्तान्तरणको लागि विनियोजन एनमा तीकिए अनुसार छिटो छरितो र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- प्रदेश सरकार र स्थानीय तहको वित्तीय प्रणालीहरु संचालनमा समन्वय र सहयोग गर्ने ।
- प्रदेश तथा स्थानिय तहको वित्तीय ब्यवस्थापन सम्बन्धमा संघीय सरकारबाट भएको निर्णय निर्देशन र मार्गदर्शन संचार तथा कार्यान्वयन गर्न समन्वयात्मक भुमिका निर्वाह गर्ने ।
- प्रदेश र स्थानीय तहको वित्तीय प्रतिवेदन तयार तथा संकलन गर्न समन्वय तथा सहयोग गर्ने ।
- जिल्ला स्थित स्थानीय तहहरुलाइ नेपाल सरकार बाट स्वकृत अनुदान रकम हस्तान्तरण गर्ने ।
- जिल्ला स्थित अन्तर सरकारी वित्त समन्वयको कार्य गर्ने ।
- स्थानीय तह कोष ब्यवस्थापन प्रणाली संचालनमा सहयोग र सहजिकरणको कार्य गर्ने ।

## ३.३ स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण

| क स | पदको नाम | श्रेणी | स्वीकृत संख्या | पदपुर्ति संख्या | रित्त | पदपूर्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख कोष नियन्त्रक | रा.प. द्धितीय | १ | १ | ० | स्थायी |
| २ | कोष नियन्त्रक | रा.प. तृतिय | १ | ० | १ | स्थायी |
| ३ | आन्तरिक लेखापरीक्षण अधिकृत | रा.प. तृतिय | १ | ० | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | लेखापाल | रा.प.अनं.प्रथम | ३ | १ | २ | स्थायी |
| ४ | आन्तरिक लेखापरीक्षक सहायक | रा.प.अनं. प्रथम | २ | १ | १ | स्थायी |
| ५ | सह लेखापाल | रा.प.अन. द्धितिय | १ | १ | ० | स्थायी |
| ५ | ह.स.चा. | श्रेणि विहिन | १ | १ | ० | करार |
| ६ | कार्यालय सहयोगी | श्रेणि विहिन | ३ | ३ | ० | दुईजना करार |
| जम्मा | | | १३ | ८ | ५ | |

## ३.४ कार्यरत कर्मचारीहरु

| क स | नामथर | पद | श्रेणी | फोन नम्बर | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | जागुराम चौधरी | प्रमुख कोष नियन्त्रक | रा.प. द्धितीय | ९८५८३२०११६ | |
| २ | मक्कर बहादुर महत | कोष नियन्त्रक | रा.प.अन. प्रथम | ९८५८३२०४३५ | आ.ले.प. |
| ३ | शान्ता कुमारी चौलागाई | लेखापाल | रा.प.अनं. प्रथम | ९८५८३९०१३८ | कोष व्यवस्थापन तथा अन्तरसरकारी वित्त समन्वय |
| ४ | जगदिश प्रसाद शर्मा | सह लेखापाल | रा.प.अनं. द्धितीय | ९८६८३८९१९१ | प्रशासन तथा निवृतभरण व्यवस्थापन |
| ५ | लक्ष्मण बिष्ट | हलुका सवारी चालक | श्रेणी विहिन | ९८४८३५७२९७ | |
| ६ | धन बहादुर रावल | **कार्यालय** सहयोगी | श्रेणी विहिन | ९८४८३३७५७ | |
| ७ | मन बहादुर रावल | **कार्यालय** सहयोगी | श्रेणी विहिन | ९८६८३०८१६८ | |
| ८ | सर्जन रावल | **कार्यालय** सहयोगी | श्रेणी विहिन | ९८४८३०५३८३ | |

नोटः

यस कार्यालयको सूचना अधिकारीको जिम्मा लेखापाल शान्ता कुमारी चौलागाईलाई तोकिएको छ ।

कर्मचारीको पूरा पदपुर्ति नभएको कारण हाललाई एकभन्दा बढी शाखाको काम गर्नेगरी जिम्मेवारी तोकिएको छ ।

**४.कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवाहरु तथा कार्यहरुः** कोष तथा लेखा नियन्त्रक कार्यालय नागरिकका दैनिक कामहरुसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालय होईन ।सेवानिवृत भएका राष्ट्रसेवकहरुको पेन्सन सम्बनसिमित प्रशासनिक कार्य बाहेक नागरिकसंग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु यस कार्यालयबाट सम्पादन हुदैनन् ।अतः सर्वसाधरण नागरिकहरु यस कार्यालयका सेवाग्राही नभईकन जिल्ला स्थित सरकारी कार्यालयहरु यस कार्यालयका सेवाग्राही हुन्।कानून बमोजिम तथा यस कार्यालयले आफ्ना सेवाग्राहीलाई देहायका सेवा प्रदान गर्ने गरेको छ ।

- कार्यालयको स्वीकृत बजेट अनुसार सम्बन्धित कार्यालयको भुक्तानी आदेश अनुसार भुक्तानी निकासा गर्ने ,
- जिल्लास्थित कार्यालयले आर्थिक प्रशासनका बिषयमा लिखित राय माग गरेमा प्रचलित कानूनको अधीनमा रही राय प्रदान गर्ने,
- कार्यालयले तयार गरेको वित्तीय विवरणहरुको शुद्धता जाँच गरी वित्तीय विवरणहरु प्रमाणित गर्ने ,
- आन्तरिक लेखापरीक्षणको माध्यामबाट कार्यालयलाई सुधारका सुझावहरु प्रदान गर्ने ,
- आर्थिक कारोबार तथा आर्थिक प्रशासन संचालनका बिषयमा भएका समसमायिक बिषयमा कार्यालयहरुलाई सूचित गराउने ,
- कानून बमोजिम कार्यालयहरुको बार्षिक तलबी प्रतिवेदन पारित गर्ने,
- आर्थिक कारोबारको संचालनका सम्बन्धमा लागु भएका प्रणालीहरुको प्रयोगका लागि क्षमता विकासका तालिमहरु संचालनको समन्वय गर्ने,
- प्रणाली प्रयोगका लागि अन्य कार्यायहरुलाई सहजिकरण गर्ने ,
- निवृत्तिभरण सम्बन्धी कार्यहरु ,
  - परिवारिक निवृत्तिभरण अधिकारपत्र जारी गर्ने ,
  - निवृत्तिभरण अधिकारपट्टाको प्रतिलिपी दिने,
  - निवृत्तिभरण रकमको हिसाब मिलान,
  - निवृत्तिभरणको खाता बन्द गर्ने र हिसाब मिलान,
  - तोकिएको उमेर ७५ वा ८५ वर्ष पुगे पछि थप पाउने रकम हिसाब गरी बैंकलाई पत्रचार गर्ने

**जुम्ला जिल्लामा रहेका संघीय कार्यालयहरु र स्थानीय तहहरु;**

| क स | सम्बन्धित मन्त्रालय वाकेन्द्रीय निकायको नाम | कार्यालय संख्या | क स | कार्यालयको नाम | कार्यालयकोड नम्बर |
|---|---|---|---|---|---|
| १ | अदालत | २ | १ | उच्च अदालत इजलास जुम्ला | २०४९१६२०१ |
| | | | २ | जिल्लाअदालत, जुम्ला | २०४९७६२०१ |
| २ | लोकसेवा आयोग | १ | ३ | लोक सेवाआयोग जुम्ला कार्यालय | २१००१६२०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | निर्वाचनआयोग | १ | ४ | जिल्लानिर्वाचन कार्यालय, जुम्ला | २१२९१६२०१ |
| ४ | राष्ट्रियमानव अधिकार आयोग | १ | ५ | राष्ट्रियमानव अधिकार आयोग क.प्र.शा.कार्यालय | २१४००६२०१ |
| ५ | प्रधानमन्त्री तथामन्त्रिपरिषद्को कार्यालय | ३ | ६ | जिल्ला सरकारी वकिलकार्यालय, जुम्ला | ३०१०१६२०१ |
| | | | ७ | उच्च सरकारी वकिलकार्यालय, जुम्ला | ३०१०१६२०२ |
| | | | ८ | राष्ट्रिय अनुसन्धानजिल्ला कार्यालय | ३०१०७६२०२ |
| ६ | अर्थ मन्त्रालय | २ | ९ | कोष तथा लेखानियन्त्रक कार्यालय, जुम्ला | ३०५०१६२०१ |
| | | | १० | आन्तरिक राजस्वकार्यालय, जुम्ला | ३०५०४६२०२ |
| ७ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ६ | ११ | परियोजना कार्यान्वियन इकाई | ३१२००६२०१ |
| | | | १२ | खाद्य प्रबिधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | ३१२०३६२०१ |
| | | | १३ | उच्च पर्वतीय कृषिअनुसन्धान प्रतिष्ठान | ३१२४१६२०१ |
| | | | १४ | कृषि अनुसन्धानकेन्द्र | ३१२४१६२०२ |
| | | | १५ | बागवानी अनुसन्धानकेन्द्र | ३१२४१६२०३ |
| | | | १६ | भेडा तथा बाख्राअनुसन्धान कार्यक्रम | ३१२४१६२०४ |
| ८ | खानेपानीमन्त्रालय | १ | १७ | संघीयखानेपानी तथा ढल ब्यबस्थापन आयोजना | ३१३०१६२०१ |
| ९ | गृह मन्त्रालय | ६ | १८ | कारागार कार्यालय, जुम्ला | ३१४०२६२०१ |
| | | | १९ | जिल्ला प्रहरीकार्यालय | ३१४०४६२०१ |
| | | | २० | कर्णालीप्रदेश विपद् व्यवस्थापन कार्यदल, खलङ्गा | ३१४०४६२०२ |
| | | | २१ | सशस्त्र प्रहरी बल नेपाल नं. ३३ गण हे.क्वा.त्रिपुरा | ३१४०५६२०१ |
| | | | २२ | इलाकाप्रशासन कार्यालय, नराकोट | ३१४९२६२०१ |
| | | | २३ | जिल्लाप्रशासन कार्यालय | ३१४९२६२०२ |
| १० | वनतथा वातावरण मन्त्रालय | १ | २४ | वनस्पतिअनुसन्धान केन्द्र | ३२९०२६२०१ |
| ११ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २ | २५ | मालपोतकार्यालय | ३३६०१६२०१ |
| | | | २६ | नापीकार्यालय | ३३६०२६२०१ |
| १२ | भौतिकपूर्वाधार तथा यातायात मन्त्रालय | १ | २७ | सडकडिभिजन, जुम्ला | ३३७०१६२०१ |
| १३ | रक्षा मन्त्रालय | ३ | २८ | नं. २४बाहिनी अड्डा | ३४५०१६२०१ |
| | | | २९ | नं. २४फि.ए.गुल्म | ३४५०१६२०२ |
| | | | ३० | नन्दाबक्सगण | ३४५०१६२०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सहरी विकास मन्त्रालय | १ | ३१ | सघन शहरीतथा भवन निर्माण आयोजना, जुम्ला | ३४७०१६२०१ |
| १५ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १ | ३२ | शिक्षाविकास तथा समन्वय एकाई | ३५००१६२०१ |
| १६ | सञ्चारतथा सूचना प्रविधि मन्त्रालय | १ | ३३ | जिल्लाहुलाक कार्यालय | ३५८०३६२०१ |
| १७ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ | ३४ | जिल्लासमन्वय समितिको कार्यालय, जुम्ला | ३६५००६२०१ |
| १८ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १ | ३५ | कर्णालीस्वास्थ्य बिज्ञान प्रतिष्ठान | ३७०६१६२०१ |
| १९ | राष्ट्रिययोजना आयोग | १ | ३६ | तथ्याङ्ककार्यालय | ३९१०१६२०१ |
| | | २ | ३७ | जिल्ला कृषि गणना कार्यालय | ३९१०१६२०३ |
| संघीय कार्यालयहरुको संख्या जम्मा | | ३८ | | | |
| २० | स्थानीय तहहरु | ८ | ३८ | चन्दननाथ नगरपालिका | ८०१०६६२०१ |
| | | | ३९ | कनकासुन्दरी गाउँपालिका | ८०१०६६२०२ |
| | | | ४० | गुठिचौर गाउँपालिका | ८०१०६६२०३ |
| | | | ४१ | तातोपानी गाउँपालिका | ८०१०६६२०४ |
| | | | ४२ | तिला गाउँपालिका | ८०१०६६२०५ |
| | | | ४३ | पातारासी गाउँपालिका | ८०१०६६२०६ |
| | | | ४४ | सिंजा गाउँपालिका | ८०१०६६२०७ |
| | | | ४५ | हिमा गाउँपालिका | ८०१०६६२०८ |
| कुल जम्मा | | ४६ | | | |

## ५. २०७८ माघ देखी २०७८ चैत्र मसान्त सम्म सम्पादित कार्यहरु;

क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ७४ बमोजिम आर्थिक बर्ष ०७७।०७८ को यस जिल्लाको बार्षिक एकिकृत वित्तीय विवरणहरु महालेखा नियन्त्रक कार्यालयमा पेश गरिएको छ ।उक्त विवरण अनुसार आर्थिक बर्ष ०७७।०७८ मा यस जिल्लाको आयव्यय यस प्रकार रहेको थियो ।

**विनियोजन तर्फ** **रु . हजारमा**

| बजेट प्रकार | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ५०५०८४० | ४७२७१४३ | ९३.५९ |
| पुँजिगत | २३१३२० | १४७७१५१ | ६३.८६ |
| जम्मा | ७३६४०४० | ६२०४२९४ | ८४.२५ |
| **धरौटी तर्फ रु हजारमा** | | | |

| यस बर्षको आय | | फिर्ता | बाँकी |
|---|---|---|---|
| २२७५५५ | | ५०४६० | १७७०९५ |
| **कार्यसंचालन कोष वा विविध खाता तर्फ रु हजारमा** | | | |
| | | | |
| यस बर्षको आय | | खर्च | बाँकी |
| ३५१६६० | | १५३८९८ | १९७७६२ |
| **राजस्व आय रु हजारमा** | | | |
| यस बर्षको आय | | खर्च | बाँकी |
| ४७१४९५.०० | | ० | ४७१४५९.०० |

ख) आर्थिक बर्ष ०७७।०७८ मा यस जिल्लामा भएको आर्थिक कारोबारको आफ्नो क्षेत्राधिकार भित्र रही जिल्लास्थित कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ८४ को उपिनियम १० बमोजिम महालेखा नियन्त्रक कार्यालयमा पेश गरेको ।

**ग ) आर्थिक वर्ष ०७८।०७९ को चैत्र मसान्त सम्म देहाय अनुसार भुक्तानी निकासाको कार्य भएको छ । रु हजारमा**

| बजेट प्रकार | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ५०९९२४९ | ३०७७६४८ | ६०.३५ |
| पुँजिगत | २४४६४७० | ४३९१५४ | १७.९५ |
| जम्मा | ७५४५७१९ | ३११६८०२ | ४१.३० |

**घ) तलबि प्रतिवेदन पारित गर्ने कार्य**

कानून बमोजिम बार्षिक तलबि प्रतिवेदन पारित गराउने दायित्व भएका यस जिल्लाका २७ वटा कार्यालयहरु (स्थानीय तहबाहेक) चैत्र सम्म २६ वटा कार्यालयहरुको तलबी प्रतिवेदन पारित भएको छ ।

**ङ) निवृत्तिभरण प्रशासन सम्बन्धी कार्यहरु;**

| विवरण | चैत्र सम्मको संख्या |
|---|---|
| परिवारिक निवृतिभरण अधिकारपत्र जारी | २ |
| निवृत्तिभरण अधिकारपट्टाको प्रतिलिपी जारी | ४ |
| ७५ वा ८५ बर्ष उमेर पुगेकालाई थप औषधी उपचार सुविधा मिलान | १ |

**तेस्रो त्रैमासिक अवधिमा कोष तथा लेखा नियन्त्रक कार्यालय बजेट र खर्च विवरण**

**रु ००० मा**

| बजेट प्रकार | वार्षिक बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालुखर्च | ९९८१ | ५३२५ | ५३.३५ |

| | | | |
|---|---|---|---|
| पुँजिगतखर्च | ११७५ | १०४ | ८.९० |
| जम्मा | १११५६ | ५४२९ | ४८.६६ |